बैठक संख्या- २१ मिति २०६९।१२।२२

विहान ८बजे

आज मिति २०६९।१२।२२ गते आइतवार धरान- उपमहानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति: श्री टीकचन्द्र राई - कार्यकारी अधिकृत - धरान उप.महा. न.पा.

आमन्त्रित

श्री गणेशप्रसाद खतिवडा : वरिष्ठ प्रशासकिय अधिकृत
श्री सुरज श्रेष्ठ - " इन्जिनियर
श्री रमेश शाह - " आन्तरिक लेखा परिक्षक
श्री शेषराज अधिकारी " लेखा अधिकृत
श्री राजु पोखरेल - इन्जिनियर
श्री सुनील नेपाल - सामाजिक विकास अधिकृत

निर्णयहरु :-

निर्णय नं. १ : बजार अनुगमन तथा निरिक्षण प्रतिवेदन सम्बन्धमा:- यस धरान उप-महा नगरपालिकाको नगरप्रहरी उपशाखाबाट धरान नगरलाई व्यवस्थित बनाउन विभिन्न समयमा जिल्ला प्रशासन कार्यालय सुनसरी, सुनसरी उद्योग वाणिज्य संघ, जन स्वास्थ्य कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय बिराटनगर, लगायतका सरोकारवाला निकाय समेतको सहभागितामा मिति २०६९।०५।३१, २०६९।०६।२३, २०६९।०६।२८, २०६९।०६।०४, २०६९।०६।२३, २०६९।११।१२ गतेहरुमा भएको संयुक्त अनुगमन तथा पाइएका सुझावका विषयमा नगर प्रहरी उपशाखाद्वारा पेश गरेको प्रतिवेदनमाथि आजको बैठकमा छलफल गरियो। प्रतिवेदनले औंल्याएका यस नगर क्षेत्रमा अव्यवस्थित तथा वातावरणमा असर पुऱ्याउने मुख्य विषयहरुमा खाद्यान्न मिसावट, अव्यवस्थित मासु पसल, प्लास्टिक झोला प्रयोग, बजारफुटपाथमा पसल तथा व्यवसाय, एल.पि. ग्यासको कालो बजारी, बिना इजाजत घर निर्माण, सडक तथा गल्लिहरुमा भएका खतरायुक्त रुख, छाडा चौपाया आदीलाई आवश्यक सुधार गर्न प्रतिवेदनले औंल्याएका र दिएका सुझावहरुलाई यस कार्यालयबाट आगामी दिनहरुमा प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो। साथै विभिन्न समयमा कार्वाही स्वरुप गरिएको जरिवाना रकमलाई समेत अनुमोदन गरियो।

निर्णय नं. २ - अगेडाकोषमा योजना छनौट गरी पठाउने सम्बन्धमा :- यस कार्यालयको २१औं नगर परिषदबाट स्वीकृत तपसिलका योजनाहरु संघिय मामिला तथा स्थानिय

विकास मन्त्रालय अन्तर्गतको जगेडाकोष कार्यक्रमबाट संचालन गर्ने स्वीकृतिकालागि पठाउने निर्णय गरियो।

तपसिल:

१) तीन ढुवाङ्गे खहरे नियन्त्रण र खत्री धारा (सेउती) नियन्त्रण कार्य धरान ८ र १५ कालागि जगेडाकोष र नेपाल सरकारबाट ६०% र नगरपालिका पारस्परिक कोषबाट ४०%.

२) फोहरमैला व्यवस्थापन कार्य (डम्पिङ साइट) निर्माण कार्य धरान १५ (सेउती खोलाको साइटमा) जगेडाकोष, नेपाल सरकारबाट ८०% र नगरपालिका पारस्परिक कोषबाट २०%.

आजको बैठक १०:०० बजे समापन गरियो।

माइन्युटकर्ता गणितराज शर्मा -